# सान्जेन जलबिद्युत कम्पनी लिमिटेड

**कपनमार्ग महाराजगञ्ज, काठमाडौंको**

## तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८०/११/०२**

यस कम्पनीको मिति २०८०/१०/२९ मा बसेको सञ्चालक समितिको २७६औं बैठकको निर्णयानुसार यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा बसी निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्नु पर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि अनुरोध गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० साल चैत्र ५ गते सोमवार (तद्अनुसार ई.सं. मार्च १८, २०२४)

समय : विहान ११:०० बजे ।

स्थान : कुण्डलिनी दरवार ब्यांक्वेट, चण्डोल, काठमाडौं, नेपाल ।

**साधारण सभाको विषय-सूची:**

१. सञ्चालक समितिको आ.व. २०७९/०८०को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने वारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको वासलात र आ.व. २०७९/०८० को नाफा/(नोक्सान) हिसाव, नगदप्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन (सम्बद्ध अनुसूचीहरु समेत) उपर छलफल गरी पारित गर्ने वारे ।

३. आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने वारे ।

४. सर्वसाधारण शेयरधनी समुह (समुह 'ख') बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक जना महिला सहित दुई जना सञ्चालकको निर्वाचन सम्वन्धमा ।

५. विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

### साधारण सभा सम्बन्धी अन्य जानकारी

१) यस सान्जेन जलविद्युत कम्पनी लिमिटेडको मिति २०८०/१२/०५ गते हुने तेह्रौं वार्षिक साधारण सभा गर्ने प्रयोजनकालागि मिति २०८०/११/१३ गते (एक दिन) शेयर दर्ता पुस्तिका बन्द गरिने ब्यहोरा सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/११/१२ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको सेयर रजिष्ट्रार श्री सनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा प्राप्त सेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन, छलफल गर्न, मतदान गर्न पाउने ब्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

३) कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरूले आफै वा प्रतिनिधिमार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

४) संयूक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरूले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

५) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्तगर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

६) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरू हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि., मा वा कम्पनीको कार्यालयमा बुझाई सक्नुपर्नेछ ।

७) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस संस्थाको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि. कमलपोखरीमा वा कम्पनीको कार्यालयमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्न चाहेमा सो को सूचना सभा शुरू हुनभन्दा ७२ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि. वा कम्पनीलाई दिनु पर्नेछ । नयाँ प्रतिनिधिको हकमा माथि वुँदा नं. ५ र ६ मा उल्लेख भएबमोजिम हुनेछ ।

८) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा वुँदा नं. ७ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधिपत्र बदर हुनेछ ।

९) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा सहभागी भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि. वा कम्पनीलाई दिई सक्नुपर्नेछ ।

१०) निर्वाचन सम्वन्धी अन्य जानकारीका लागि कम्पनीको वेवसाइट www@sjcl.com.np मा हेर्न सकिनेछ ।

११) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको बिषयबारे सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको कपनमार्ग, महाराजगञ्ज, काठमाडौं स्थित केन्द्रीय कार्यालयमा जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी नदिएको विषयउपर छलफल तथा निर्णय गर्न सकिने छैन ।

१२) यसै साधारण सभाबाट सर्वसाधारण शेयरधनी समुह (समुह "ख") का शेयरधनीबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक जना महिला सहित दुइ जना सञ्चालक निर्वाचन गरिने भएकोले सो निर्वाचन सम्बन्धी सूचना र कार्यक्रम साधारण सभा हुने मितिको १५ दिन अगावै कम्पनीमा रहेको निर्वाचन अधिकृतको कार्यालय र कम्पनीको सूचना पाटीमा टाँस गरिनेछ ।

द्रष्टव्यः वार्षिक साधारण सभाको सूचना सहितको छलफलको विषय सूची र अन्य विवरण यस कम्पनीको वेबसाइट www.@sjcl.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।